nepalpostdaily .com

# नेपाल पोष्ट डेली

दैनिक

21°C । वर्ष :११, अंक : १८५ पृष्ठ ४ । शुक्रबार २९ फागुन २०८२ । FRIDAY,MARCH 13, 2026.nepalpostdaily .com । मुल्य ५ रुपैंया

## मधेसमा ८९४ उम्मेदवारको जमानत जफत, ९१ जनाले मात्रै बचाए



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,२८ फागुन ।**

मधेस प्रदेशमा प्रतिनिधिसभा सदस्य पदका लागि उम्मेदवारी दिएका अधिकांश उम्मेदवारले जमानत जोगाउन सकेका छैनन् ।

३२ वटा निर्वाचन क्षेत्र रहेको प्रदेशमा हालसम्म ३१ निर्वाचन क्षेत्रको मतपरिणाम सार्वजनिक हुँदा ९८५ उम्मेदवारमध्ये ८९४ जनाको जमानत जफत भएको छ भने ९१ जनाले मात्र जमानत बचाउन सफल भएका छन् । धनुषा निर्वाचन क्षेत्र नम्बर-१ मा उम्मेदवारी विवादका कारण आधिकारिक मतपरिणाम सार्वजनिक गरिएको छैन ।

उक्त क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार किशोरी साह कमलको उम्मेदवारी निर्वाचन आयोगले खारेज गरे पनि मतपत्रबाट पार्टीको चुनाव चिन्ह नहटाइँदा सो चिन्हमा सबैभन्दा बढी मत परेको थियो । आयोगले भने नेपाल कम्युनिष्ट पार्टीका उम्मेदवार मातृका प्रसाद यादवलाई निर्वाचित भएको प्रमाणपत्र दि मतपरिणाम सार्वजनिक भएका ३१ निर्वाचन क्षेत्रमा कुल सदर मतको १० प्रतिशत मत नपुग्दा अधिकांश उम्मेदवारको जमानत जफत भएको हो । जिल्लागत विवरण अनुसार सप्तरीका ४ निर्वाचन क्षेत्रमा १०२ उम्मेदवारमध्ये ९० जनाको जमानत जफत भएको छ भने १२ जनाले जमानत बचाएका छन् । सिरहाका ४ क्षेत्रमा १३८ उम्मेदवारमध्ये १२७ जनाको जमानत जफत हुँदा ११ जनाले जोगाएका छन् । धनुषाका ३ क्षेत्रमा ११६ उम्मेदवारमध्ये १०६ जनाको जमानत जफत भएको छ भने १० जनाले जोगाएका छन् । महोत्तरीका ४ क्षेत्रमा १३९ उम्मेदवारमध्ये १२७ जनाको जमानत जफत हुँदा १२ जनाले जमानत बचाएका छन् ।

सर्लाहीका ४ क्षेत्रमा १३१ उम्मेदवारमध्ये १२२ जनाको जमानत जफत भएको छ भने ९ जनाले जोगाएका छन् । रौतहटका ४ क्षेत्रमा १४२ उम्मेदवारमध्ये १२८ जनाको जमानत जफत भएको छ भने १४ जनाले जमानत बचाएका छन् । बाराका ४ क्षेत्रमा ११० उम्मेदवारमध्ये ९९ जनाको जमानत जफत भएको छ भने ११ जनाले जमानत बचाएका छन् । पर्साका ४ क्षेत्रमा १०७ उम्मेदवारमध्ये ९५ जनाको जमानत जफत हुँदा १२ जनाले जमानत जोगाएका छन् । पार्टीगत रुपमा राष्ट्रिय स्वतन्त्र पार्टीका ३१ उम्मेदवारमध्ये सबैले जमानत बचाएका छन्,

जसमा ३० जना निर्वाचित भएका छन् भने एकजना तेस्रो स्थानमा रहेका छन् । नेपाली कांग्रेसका ३१ उम्मेदवारमध्ये २२ जनाले जमानत बचाएका छन् भने एकजना मात्रै निर्वाचित भएका छन् । यस्तै नेकपा एमालेका १६, जसपा नेपालका ९, नेकपाका ९, आजपा, जनमत पार्टी, नेपाल संघीय समाजवादी पार्टी र स्वाभिमान पार्टीका एक-एक जना उम्मेदवारले पनि जमानत जोगाउन सफल भएका छन् ।

## जनमतलाई स्वीकारेर जनताकै बीचमा रहन्छौं : केपी ओली



**काठमाडौं,२८ फागुन ।**

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले निर्वाचनको परिणाम पार्टीको पक्षमा नआएपनि जनताप्रतिको प्रतिबद्धता कमजोर नहुने बताएका छन् । बिहीबार बिहान सामाजिक सञ्जालमार्फत उनले लोकतन्त्रमा अन्तिम फैसला जनताकै हुने बताएका हुन् ।

ओलीले भने, 'हाम्रो पार्टीले पनि अपेक्षित परिणाम ल्याउन सकेन । लोकतन्त्रमा अन्तिम फैसला जनताकै हुन्छ, र त्यो फैसला शिरोधार्य गर्नु म र मेरो पार्टीको कर्तव्य हो । जनताको मतलाई म पूर्ण सम्मानका साथ स्वीकार गर्दछु ।'

ओलीले जनतासँगको सम्बन्धलाई अझ बलियो बनाउँदै अघि बढ्ने उल्लेख गरे । 'निर्वाचनको परिणाम हाम्रो पक्षमा आएन । तर जनताप्रतिको हाम्रो प्रतिबद्धता र सेवाभाव कत्ति पनि कमजोर भएको छैन ।' उनले भने,'हामी जनताकै बीचमा रहनेछौं, जनताकै लागि काम गरिरहनेछौं, र विश्वासको यो सम्बन्धलाई अझ बलियो बनाउँदै अघि बढ्नेछौं ।' अध्यक्ष ओलीले कठिन घडीमा पनि सूर्य चिन्हमा मतदान गरेर हाम्रो पक्षमा उभिने मतदाता, नेता, कार्यकर्ता, स्वयंसेवक, शुभेच्छुक र समर्थकलाई धन्यवाद दिएका छन् । उनले भने, 'हाम्रो शक्ति हो । तपाईंहरूको साथ नै हाम्रो ताकत हो । मत दिनुहुने, साथ दिनुहुने, विश्वास राख्नुहुने सबैमा हृदयदेखि धन्यवाद ।' पूर्वप्रधानमन्त्री एवम् एमाले अध्यक्ष ओली रास्वपाका वरिष्ठ नेता एवम् पूर्वमेयर बालेन्द्र शाह बालेनसँग पराजित भएका थिए । रास्वपाले १२५ सिट जित्दा एमालेले प्रत्यक्षमा ९ सिटमात्र प्राप्त गरेको छ । निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरेका अनुसार समानुपातिकतर्फ खसेको कुल १ करोड १२ लाख ८० हजार ८ सय ९८ मतमध्ये १ करोड ८ लाख ३५ हजार २७ मत सदर भएको छ । जसमा रास्वपाले सर्वाधिक ५१ लाख ८३ हजार ४ सय ९३ मत प्राप्त गरेको छ । २ सय ७५ सदस्यीय प्रतिनिधिसभामा रास्वपाले प्रत्यक्षतर्फ १ सय ६५ मध्ये १ सय २५ सिट जितेको छ भने समानुपातिकतर्फको १ सय १० सिटमध्ये ५७ सिट पाउने देखिएको छ ।

## ठोरीमा हात्ती र बाघको आतंक बढ्यो, स्थानीय त्रासमा



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,२८ फागुन ।**

पर्साको ठोरी गाउँपालिकामा पछिल्लो समय जंगली हात्ती र बाघको गतिविधि बढेपछि स्थानीयवासी त्रासमा बस्न बाध्य भएका छन् । मानव बस्ती नजिकै वन्यजन्तुको आवतजावत बढ्दै जाँदा यहाँ मानव-वन्यजन्तु द्वन्द्व बढ्ने चिन्ता व्यक्त गरिएको छ । स्थानीयका अनुसार ठोरी-२ हनुमाननगर आसपासको क्षेत्रमा केही दिनयता जंगली हात्ती नियमित रूपमा देखिन थालेको छ । प्रायः रातको समयमा चितवन राष्ट्रिय निकुञ्जतर्फको जंगलबाट निस्किएर मानव बस्ती नजिकसम्म आउने गरेको बताइएको छ ।

स्थानीय बासिन्दा चिरञ्जीवी सापकोटाका अनुसार हात्ती अहिलेसम्म बस्तीभित्र प्रवेश नगरे पनि बस्ती नजिकसम्म आइपुगेकाले जुनसुकै बेला क्षति हुन सक्ने आशंका बढेको छ । उनका अनुसार अहिले बालीको सिजन नभए पनि हात्तीको उपस्थितिले स्थानीयमा डर बढेको छ । ठोरी क्षेत्र भौगोलिक रूपमा चितवन राष्ट्रिय निकुञ्ज, पर्सा राष्ट्रिय निकुञ्ज र भारतको वाल्मीकि टाइगर रिजर्भले घेरिएको क्षेत्र भएकाले यहाँ वन्यजन्तुको आवागमन धेरै हुने गरेको स्थानीय बताउँछन् ।

बाँकी अन्तिम पृष्ठमा⇨

## चुनाव जितेपछि सांसद कानुको पहिलो कार्यक्रम मानव सेवा आश्रममा




**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,२८ फागुन ।**

पर्सा निर्वाचन क्षेत्र नम्बर २ बाट नवनिर्वाचित सांसद सुशील कुमार कानुले आफ्नो पहिलो सार्वजनिक कार्यक्रमका रूपमा वीरगन्जस्थित मानव सेवा आश्रमको अवलोकन गरेका छन् । बिहीबार बिहान पर्सा-४ का नवनिर्वाचित सांसद टेकबहादुर शाक्यसहित आश्रम पुगेका कानुले त्यहाँ आश्रय लिएर बसेका ६० भन्दा बढी असहाय नागरिकसँग भेटघाट गर्दै उनीहरूको अवस्थाबारे जानकारी लिएका थिए । सो क्रममा उनी आश्रमका आश्रितहरूसँगै बिहानको भोजन कार्यक्रममा पनि सहभागी भएका थिए । कार्यक्रमअघि सांसद कानुले आश्रमका संस्थापक, संरक्षक तथा व्यवस्थापन पक्षसँग भेटेर आश्रमको वर्तमान अवस्था, सञ्चालनमा देखिएका चुनौती र आवश्यक सहयोगबारे जानकारी लिएका थिए ।

यस अवसरमा उनले संघीय तथा स्थानीय सरकारबाट आवश्यक सहयोग उपलब्ध गराउन आफू सदैव सकारात्मक रहने प्रतिबद्धता व्यक्त गरे । उनले भने, "वडा अध्यक्ष हुँदा पनि समाजका लागि विभिन्न काम गरेको थिएँ । अहिले सांसद बनेपछि जिम्मेवारी अझ बढेको छ । मानव सेवा आश्रमलाई आवश्यक पर्ने सहयोगमा म सधैं साथ दिन तयार छु ।" कानुले मानव सेवा आश्रमले समाजका असहाय, बेवारिसे तथा सहाराविहीन नागरिकहरूको संरक्षण गर्दै मानवताको उच्च आदर्श प्रस्तुत गरेको उल्लेख गर्दै यस कार्यलाई अत्यन्त प्रशंसनीय र प्रेरणादायी बताए । यसै अवसरमा पर्सा-४ का नवनिर्वाचित सांसद टेकबहादुर शाक्यले पनि आश्रमको सेवामूलक कार्यको प्रशंसा गर्दै आश्रमलाई सहयोगस्वरूप १ लाख ११ हजार १ सय ११ रुपैयाँ प्रदान गर्ने घोषणा गरे । कार्यक्रममा रास्वपाका युवा नेता सुधिर पटेल, आश्रमका संरक्षक तथा मधेस विश्वविद्यालयका उपकुलपति प्राध्यापक डा. दिपक शाक्य, संस्थापक देवेश गुप्ता, सामाजिक अभियन्ता प्रकाश थारूलगायतको उपस्थिति रहेको थियो ।

## निर्वाचन आयोगद्वारा धनुषा-१ मा मातृका यादवलाई निर्वाचित घोषणा

**काठमाडौं,२८ फागुन ।**

निर्वाचन आयोगले धनुषा-१ क्षेत्रबाट नेकपा उम्मेदवार मातृका यादवलाई विजयी घोषणा गरेको छ । यस क्षेत्र विवादास्पद बनेको थियो किनभने रास्वपाका उम्मेदवार किशोरी साहको उम्मेदवारी खारेज भएपछि उनको पक्षमा अत्यधिक मत पर्न पुग्यो ।

निर्वाचन अधिकृतको कार्यालयले पहिल्यै यादवलाई निर्वाचित भएको प्रमाणपत्र प्रदान गरिसकेको थियो । प्रारम्भमा आयोगले उनीलाई घोषणा नगरेको कारण नेकपाले विरोध समेत जनाएको थियो । निर्वाचन आयोगले उम्मेदवारी खारेज भएकाले किशोरी साहको मत वेबसाइटमा अद्यावधिक नगरेको छ । त्यसकारण यादव नै पहिलो स्थानमा आए र विजयी घोषणा गरिएको हो । किशोरी साहलाई कालो सूचीमा भेटिएपछि उनको उम्मेदवारी खारेज गरिएको छ

बधाई तथा शुभकामना



यही फागुन 21 गते सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट पर्सा क्षेत्र नं. 1 मा श्री हरि पन्त ज्यू, 2 मा श्री सुशिल साह कानु ज्यू, 3 मा श्रा रीमाकान्त प्रसाद चौरसिया ज्यू र 4 मा श्री टेक बहादुर शाक्य ज्यू निर्वाचित हुनु भएकोमा हार्दिक बधाई तथा सफल कार्यकालयको सुभकामना व्यक्त गर्दछुं ।



जितेन्द्र मिश्र
सभापति
राष्ट्रिय स्वतन्त्र पार्टी, पर्सा क्षेत्र नं. ४

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.

सम्पादक :- मनोज पटेल

कार्यकारी सम्पादक :- संतोष साह

सह-सम्पादक :- सरोज पटेल

सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल

मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा

Email: nepalpostdaily@gmail .com

Facebook: www .facebook .com/nepalpostdaily

सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०

# सम्पादकीय

## अन्तर्राष्ट्रिय सद्भाव

नेपाल ताजा जनादेश अनुसार नयाँ सरकारको अन्तिम तयारीमा छ । गत भदौमा भएको नवपुस्ता अर्थात् जेनजी विद्रोहपछि देशले कठिन मेहनतका साथ निर्वाचन सम्पन्न गरेको छ । अनेक अन्योल चिर्दै भएको यो निर्वाचनमा नितान्त नवीन र उत्साहजनक जनादेश प्राप्त छ । निर्वाचनले प्रतिनिधि सभामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई सानदार जनादेश हासिल भयो । २७५ सदस्यीय प्रतिनिधि सभाको संरचनामा प्रत्यक्ष र समानुपातिक प्रतिनिधित्व रहेको छ । १६५ सदस्यीय प्रत्यक्ष निर्वाचनमा रास्वपालाई १२५ निर्वाचन क्षेत्रमा सफलता प्राप्त भएको छ । समानुपातिकतर्फ पनि उच्च मत प्राप्त भएको छ । प्रत्यक्ष र समानुपातिक दुवैतर्फ रास्वपालाई प्राप्त बलियो जनादेश नेपालको भविष्यको पुँजी हो । समानुपातिक प्रतिनिधित्वको अन्तिम गृहकार्यमा निर्वाचन आयोगले कार्यसम्पादन गरिरहँदा रास्वपा र नयाँ जनादेशलाई अन्तर्राष्ट्रिय सद्भाव हासिल भइरहेको छ । रास्वपाका सभापति रवि लामिछाने र वरिष्ठ नेता बोलन्द्र शाहलाई बधाई र शुभकामना प्राप्त हुँदै छन् । नेपालको दक्षिणी छिमेकी भारतका साथै चीन, संयुक्त राज्य अमेरिका, जापान, बङ्गलादेश, पाकिस्तान, भुटानलगायतका मुलुकबाट निर्वाचन तथा नयाँ जनादेशलाई शुभकामना प्राप्त भइरहेको छ । यो शुभकामना तथा सद्भावले नयाँ सरकारको भावी अन्तर्राष्ट्रिय सम्बन्धलाई अझ बलियो बनाउन सक्ने छ । नेपालको आर्थिक तथा सामाजिक विकास, पूर्वाधार विस्तारमा सहज हुन सक्ने छ । नयाँ जनादेशलाई बाह्य सद्भावका क्रममा भारतका प्रधानमन्त्री नरेन्द्रदामोदर मोदीले टेलिफोन संवाद गर्नुभएको छ । प्रतिनिधि सभा सदस्य निर्वाचनमा सानदार विजय हासिल गर्न सफल भएकोमा रास्वपा सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेन्द्र शाहलाई प्रधानमन्त्री मोदीले टेलिफोन गर्नुभएको हो । उहाँहरूलाई सफलताका निम्ति बधाई दिनुभएको छ । सभापति लामिछाने र वरिष्ठ नेता शाहसँग भएको संवादलाई सामाजिक सञ्जालमा पनि सार्वजनिक गरिएको छ । प्रधानमन्त्री मोदीले भन्नुभएको छ, "उहाँहरूको नेतृत्वमा बन्ने आगामी नयाँ सरकारका लागि शुभकामना व्यक्त गर्दै हामी दुई देशबिचको आपसी समृद्धि, प्रगति र हितका लागि मिलेर काम गर्ने भारतको प्रतिबद्धतासमेत व्यक्त गरेँ ।" प्रधानमन्त्री मोदीले दुवै देशको संयुक्त प्रयासले आगामी वर्षमा भारत र नेपालको सम्बन्धले नयाँ उचाइ प्राप्त गर्ने विश्वास व्यक्त गर्नुभएको छ । टेलिफोन वार्तापछि रास्वपाका सभापति रवि लामिछानेले प्रत्युत्तरमा नेपाली जनताको लोकतान्त्रिक जनादेशलाई मान्यता दिएकोमा प्रधानमन्त्री मोदीलाई धन्यवाद व्यक्त गर्नुएको छ । मोदीसँगको कुराकानीपछि सामाजिक सञ्जालमार्फत उहाँले भन्नुभएको छ, "हामी भारतसँगको साझेदारीका लागि तत्पर छौँ, जसले 'कनेक्टिभिटी,' सांस्कृतिक पर्यटन, ऊर्जा र व्यापारमा सहयोगमार्फत नयाँ उचाइहरू हासिल गर्ने छ, साथै दुवै देशका जनताको समृद्ध भविष्य सुनिश्चित गर्ने छ ।" त्यस्तै रास्वपाका वरिष्ठ नेता शाहले भारतका प्रधानमन्त्रीको बधाईको जवाफ फर्काउनुभएको छ । उहाँले भन्नुभएको छ, "नेपाल-भारतबिच विद्यमान ऐतिहासिक, घनिष्ठ तथा बहुआयामिक सम्बन्धलाई आगामी दिनमा अझ सुदृढ, प्रगाढ र परिणाममुखी बनाउन हामी सँगै सहकार्य गर्ने विश्वास व्यक्त गर्दछु ।" यस्तो संवादले नेपाल र भारतबिचको पारिस्परिक सम्बन्धको नवीन मार्गचित्र कोरेको प्रत्याभूति भएको छ । नेपालले निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भएकोमा संयुक्त राज्य अमेरिका र चीनबाट यसअघि नै बधाई र सद्भाव प्राप्त भइसकेको छ । पछिल्लो समयमा जापान सरकारले पनि स्वागत गरेको छ । जापान सरकारका तर्फबाट नेपालस्थित जापानी दूतावासले वक्तव्य जारी गर्दै शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न भएकोमा स्वागत गरेको हो । जापान नेपाललाई बढी सहयोग गर्ने मुलुकसमेत हो । निर्वाचनका क्रममा जापान सरकारका तर्फबाट जापानका संसदीय उपविदेशमन्त्री सिमादा तोमोआकीको नेतृत्वमा एक निर्वाचन पर्यवेक्षक मिसन पठाएको स्मरण गर्दै स्थलगत अनुगमनमार्फत निर्वाचनका गतिविधिको अवलोकन गरेको जनाइएको छ । त्यस्तै पाकिस्तानका उपप्रधानमन्त्री तथा विदेशमन्त्री इसाक दरले एक सन्देशमार्फत नेपाल सरकार र नेपाली जनताप्रति बधाई दिनुभएको हो । नेपालसँगको भ्रातृत्वमैत्री सम्बन्धलाई अत्यन्त महत्वका साथ लिएको उल्लेख गर्दै बधाई सन्देशमा उहाँले दुई देशबिचको दीर्घकालीन मित्रतालाई अझ सुदृढ बनाउने विश्वास दिलाउनुभएको छ । सो क्रममा आगामी दिनमा बन्ने नयाँ सरकारसँग निकटतम रूपमा सहकार्य गर्दै द्विपक्षीय सहयोगका नयाँ क्षेत्रहरू विस्तार गर्ने इच्छा पाकिस्तान सरकारका तर्फबाट जाहेर गर्नुभएको छ । जेनजी विद्रोहपछि भएको यो निर्वाचनलाई अन्तर्राष्ट्रिय समुदायले मिहिन ढङ्गले हेरेको प्रतीत हुन्छ । लोकतान्त्रिक प्रक्रियाप्रति उच्च सम्मान र सद्भाव प्राप्त भएको छ । नयाँ सरकारका निम्ति यो ठुलो पुँजी हो । राष्ट्रिय हित र स्वार्थलाई केन्द्रविन्दुमा राखेर भूराजनीतिक सन्तुलन कायम राख्दै अन्तर्राष्ट्रिय सम्बन्धलाई अझ उचाइमा पुऱ्याउनु जरुरी छ ।

# भूगोलपिच्छे फरक विकास एजेन्डा



**आस्था बस्नेत**

नेपालको भूगोल र यहाँको जनजीवनको विविधता नक्सामा कोरिएका रेखाहरूमा मात्र सीमित छैन । यो विविधता त चुनावका बेला उम्मेदवारहरूले गर्ने घरदैलो अभियानमा, जनतासँग हुने संवादमा र उनीहरूले सुन्ने समस्याहरूमा अझ स्पष्ट देखिन्छ । पूर्वको झापाका समथर फाँटहरूमा गरिने चुनावी प्रचार र पश्चिम बाजुराका भिराला बस्तीहरूमा पुग्न उम्मेदवार हरूले गर्नुपर्ने संघर्ष तुलना गर्दा नेपाल केवल भौगोलिक रूपमा मात्र होइन, जीवनशैली र आवश्यकताका हिसाबले पनि कति फरक छ भन्ने बुझ्न गाह्रो पर्दैन । एउटै निर्वाचन क्षेत्रभित्र पनि तल्लो भेग र माथिल्लो भेगका समस्या सुन्दा लाग्छ, ती दुई फरक संसार हुन् । एउटै वडाभित्र पनि समुदाय, लिंग र वर्गअनुसार आवश्यकताका प्राथमिकता फरक-फरक देखिन्छन् । यस अर्थमा नेपाल केवल संस्कृति र भाषाको विविधता बोकेको देश मात्र होइन, समस्याको प्रकृतिमा पनि अत्यन्त बहुविध समाज हो ।

नेपालको निर्वाचन प्रणालीले नागरिकलाई उम्मेदवारी दिने र मतदान गर्ने अधिकार निकै उदार रूपमा दिएको छ । कुनै पनि क्षेत्रमा उम्मेदवारी दिन पाइने व्यवस्था छ । नागरिकको लोकतान्त्रिक सहभागितालाई विस्तार गरिएको छ । यद्यपि, सहरी क्षेत्रमा नागरिकले आफ्ना प्रतिनिधिलाई सजिलै भेट्न सक्छन्, गुनासा राख्न सक्छन् । तर विकट पहाड वा हिमाली गाउँका बासिन्दाका लागि आफ्ना प्रतिनिधिलाई देख्नु नै कहिलेकाहीं उत्सवजस्तै बन्ने गरेको छ । भौगोलिक विकटताका कारण चुनावकै समयमा कतिपय ठाउँमा मतपेटिका पुऱ्याउन पनि ठूलो कसरत गर्नुपर्ने हुन्छ । त्यसैले पहाडी र हिमाली क्षेत्रका उम्मेदवार हरूले चुनावी अभियानका क्रममा कतिपय बस्ती सतही रूपमा मात्र छोएर फर्किनुपर्ने बाध्यता देखिन्छ । यसको अर्को पाटो पनि छ । काठमाडौंजस्ता सुगम र भौतिक सुविधाले भरिएका ठाउँमा पनि जनप्रतिनिधिहरू नागरिकको दैलोसम्म पुग्न हिचकिचाउने अवस्था देखिन्छ । सजिलो भूगोल भएको ठाउँमा पनि यदि प्रतिनिधि जनतासँग जोडिन सक्दैनन् भने लोकतन्त्रको सार कमजोर बन्छ । जनताले आफ्ना प्रतिनिधिलाई देख्न, भेट्न र प्रश्न गर्न नपाउने अवस्था रहिरहेमा मत दिनुको अर्थ के रहन्छ भन्ने प्रश्न उठ्नु स्वाभाविक हुन्छ । नेपालको राजनीतिक र सामाजिक वास्तविकताको एउटा विडम्बना के हो भने एउटै संसद् भवनभित्र फरक-फरक संसारका आवाजहरू गुन्जिरहेका हुन्छन् । भोलि संसद्को एउटै टेबलमा काठमाडौंका प्रतिनिधिले सार्वजनिक यातायातमा हुने दुर्व्यवहार र मानसिक स्वास्थ्यजस्ता विषय उठाइरहेका हुन सक्छन् भने अर्को टेबलबाट अछाम वा बाजुराका प्रतिनिधिले गर्भवती महिलालाई स्वास्थ्यचौकी पुऱ्याउन एउटा राम्रो स्टेचरसमेत नपाएको पीडा सुनाइरहेका हुन सक्छन् । भक्तपुरको सरकारी विद्यालयमा दिवा खाजाको गुणस्तरको बहस भइरहँदा हुम्लाको कुनै विद्यालयमा विद्यार्थी नै नभएको समाचार सार्वजनिक भइरहेको हुन्छ । यसले विकासको प्राथमिकता र समस्याको प्रकृति भूगोलअनुसार कति फरक छ भन्ने देखाउँछ । हाम्रो विकासको माग पनि यही विविधताबाट निर्देशित हुन्छ । सहरी क्षेत्रले मानसिक स्वास्थ्य, जीवनशैलीजन्य रोग र सार्वजनिक सेवाको गुणस्तरबारे बहस गरिरहेका बेला ग्रामीण नेपाल अझै पनि आधारभूत औषधि सिटामोलकै अभावसँग जुधिरहेको छ । पोखरा वा कास्कीले पर्यटनको नयाँ मोडल र स्मार्ट सहरको योजनाबारे छलफल गरिरहेका बेला गोरखाको चुम भ्यालीका बासिन्दाले बिरामी पर्दा हेलिकोप्टर चार्टर गर्नुपर्ने महँगो खर्चको चिन्ता गरिरहेका हुन्छन् । जनकपुरले आधुनिक फोहोर व्यवस्थापन प्रणालीको खोजी गरिरहेका बेला रौतहटका मुसहर बस्तीहरू अझै स्थायी बसोबास र सुरक्षित आवासको मागमा छन् । पहिचान र अस्तित्वका सवाल पनि भूगोलअनुसार फरक छन् । पूर्वका जनजाति समुदायहरू आफ्नो सांस्कृतिक पहिचान र अधिकारका लागि संघर्ष गरिरहेका छन् भने पश्चिमका केही जनजाति समुदाय अझै नेपाली नागरिकका रूपमा आफ्नो पहिचान प्रमाणित गर्नुपर्ने अवस्थाबाट गुज्रिरहेका छन् । यस्ता विविध र कहिलेकाहीं एकअर्कासँग असम्बद्ध जस्ता देखिने समस्याहरूलाई एउटै राजनीतिक संरचनाभित्र सम्बोधन गर्नु नै प्रतिनिधित्वको वास्तविक चुनौती हो । आजका जनप्रतिनिधिहरूको जिम्मेवारी केवल सडक, पुल र विद्यालय निर्माणसम्म सीमित छैन । उनीहरूले भौतिक

बाँकी तेश्रो पृष्ठमा⇨

# के हाम्रो लोकतन्त्र थाकेको हो ?

**रमेश अधिकारी**

फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा निर्वाचनले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा व्यापक ध्यानाकर्षित गरेको छ । सम्भवत: २०६२ को जनआन्दोलन, राजा वीरेन्द्रको वंश विनाश र महाभूकम्पपछि सबैभन्दा बढी अन्तर ाष्ट्रिय मिडियाको ध्यान फागुन २१ को निर्वाचनले पायो र संसारका प्रमुख मिडिया आउटलेटबाट निरन्तर कभरेज पायो । राजनीतिक अस्थिरता, आर्थिक चुनौतीहरू, महँगी, बेरोजगारी र युवा पुस्ताको असन्तुष्टिका कारण भएको नवयुवाहरूको विद्रोहपछि पनि निर्वाचन शान्तिपूर्ण, स्वतन्त्र, स्वच्छ र विश्वसनीय रूपमा सम्पन्न हुनु सानो उपलब्धि होइन ।

यस पटकको कुल मतदाता १ करोड ८९ लाख ३ हजार ६ सय ७८ मा १ करोड ९ लाख ७७ हजार ७ सय ११ मत खसेको छ । प्रदेशगत रूपमा बागमती प्रदेशमा सबैभन्दा बढी ६०.९३ प्रतिशत, लुम्बिनीमा ५९.९१ प्रतिशत, गण्डकीमा करिब ५९ प्रतिशत, कोशीमा ५८.६२ प्रतिशत, मधेशमा ५८.३९ प्रतिशत, सुदूरपश्चिममा ५८.५८ प्रतिशत र कर्णालीमा सबैभन्दा कम ५५.६६ प्रतिशत मतदान भएको छ ।

यसरी निर्वाचन आयोगले निकालेको तथ्यांकअनुसार यस पटकको मतदान प्रतिशत करिब ५८ प्रतिशत रहनु निर्वाचनको गुणस्तरको हिसाबले सन्तोषजनक अवस्था होइन । यो आँकडा अघिल्लो २०७९ को निर्वाचनको ६१.६३ प्रतिशतभन्दा थोरै कम हो र २०४८ यताकै सबैभन्दा न्यूनमध्ये एक हो । यसले गम्भीर संवैधानिक, राजनीतिक र सामाजिक बहस छेडेको छ, 'के नेपाली जनतामा राजनीति र लोकतान्त्रिक प्रक्रियाप्रति गहिरो मोहभंग र निराशा पैदा भएको हो ?' यो आलेखले विश्लेषण गर्न खोजेको विषय यही नै हो ।

फागुन २१ को निर्वाचन अनपेक्षित भए पनि २०७२ मा जारी संविधानपछि यो तेस्रो र मतदाताको संख्याका हिसाबले सबैभन्दा ठूलो आवधिक निर्वाचन हो । इतिहासमै सबैभन्दा बढी पहिलो पटक भोट हाल्न भनी नयाँ मतदाताको दर्ता भएको यसै पटक थियो । देशमा संघीयता लागू भएको दस वर्ष मात्रै हुँदा यस्ता प्रत्येक आवधिक निर्वाचन संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न महत्त्वपूर्ण कडी मानिन्छ । जति बढी स्वच्छ र भयरहित निर्वाचन हुन्छ, त्यति नै लोकतन्त्र मजबुत, परिपक्व र सुदृढीकरण हुँदै जान्छ । यस पटक ठूला मानिएका दलहरूको तुलनात्मक रूपमा माझिएका घोषणापत्र आउनु सुखद विषय हो । सामान्य अवलोकनबाट मात्रै पनि भन्न सकिन्छ- यस पटकको निर्वाचनमा केही पक्षहरूले सकारात्मक उपलब्धि हासिल गरेका छन् । यस पटक राज्य तहको खर्च अत्यधिक रूपमा बढे पनि उम्मेदवार वा दलको निर्वाचन खर्च अघिल्लो निर्वाचनको तुलनामा कम भएको देखियो । चुनाव प्रचारप्रसारमा डिजिटल सामग्रीहरू बढी प्रयोग भयो । सुरक्षाका हिसाबले यो निर्वाचन अब्बल रह्यो । सबैभन्दा राम्रो पक्ष भनेको दलहरूबीचको अप्राकृतिक गठबन्धन यस पटक नाम मात्रैको भयो ।

यति हुँदाहुँदै पनि नयाँ शक्तिहरूको उदय र पुराना दलहरूप्रतिको वितृष्णाका बीच कहीँ कतै मतदाताहरू अलमलमा परेको संकेत मतदानको दिन देखियो । र, इतिहासमा पहिलो पटक केवल ५८ प्रतिशत मत मात्रै झर्न सफल भयो । निर्वाचनको प्रभावकारिता र गुणस्तरको हिसाबले यो आफैंमा सुखद कुरा हुँदै होइन । **नेपालको निर्वाचन इतिहास र मतदानको 'ट्रेन्ड'** नेपालको चुनावी इतिहासलाई हेर्ने हो भने मतदान प्रतिशत सधैं उतारचढावपूर्ण रहे पनि हालैको निर्वाचनमा जस्तो उदासीनता देखिएको थिएन । प्रजातन्त्रको पुन:स्थापना अर्थात् २०४८ पछिका मुख्य निर्वाचनहरूको तथ्यांक यही आलेखमा समावेश चार्टमा उपलब्ध छ । नेपालको निर्वाचन इतिहासमा सबैभन्दा बढी मतदान प्रतिशत ४ मंसिर २०७० मा भएको दोस्रो संविधानसभा निर्वाचनमा रेकर्ड भएको थियो । निर्वाचन आयोगका अनुसार, कुल मतदाता १ करोड २१ लाख ४७ हजार ८ सय ६५ मध्ये ७८.३४ प्रतिशत मत खसेको थियो । यो प्रतिशत नेपालको कुनै पनि संसदीय वा संविधानसभा निर्वाचनमा अहिलेसम्मकै उच्च हो । पहिलो संविधानसभाको असफलताले भन्छ- जनताहरूले राजनीतिक दलहरूलाई दोषी ठहऱ्याएका थिए । जनस्तरमा अब फेरि असफल भए देश अर्को संकटमा पर्छ भन्ने सोच आयो अनि जनताले मतदानलाई संविधान जोगाउने अवसरका रूपमा हेरे । अन्तर्राष्ट्रिय रूपमा निर्वाचन पर्यवेक्षकका रूपमा चर्चित संस्थाहरू 'कार्टर सेन्टर' तथा 'एन्फ्रेल' ले पनि यो उच्च मतदानलाई 'संवैधानिक प्रक्रियाप्रतिको जनताको विश्वास र इच्छाशक्ति' को प्रमाण मानेर अन्तर ाष्ट्रिय वैधता जाहेर गरे ।

**मतदान प्रतिशत घट्नुका ८ कारणहरू** यस पटक कम मतदान हुनुका पछाडि तथ्यपरक कारणहरू निम्न रहेका छन् भनी आकलन गर्न सकिन्छ । पहिलो, यो निर्वाचन अनपेक्षित र बिनायोजना अपर्झट आएको निर्वाचन हो । यस किसिमको अनपेक्षित निर्वाचनका लागि पेसा वा व्यवसायमा आफ्नो थातथलो छोडेर देशभित्रै मौसमी बसाइँ सरेका वा मूलत: भारतमा गएका व्यक्तिहरू तुलनात्मक रूपमा मतदान गर्न कमै मात्र देश फर्किए । र, कम मतदान भयो । दोस्रो, पटक-पटक सरकार परिवर्तन हुनु । दलहरूले आफ्ना सिद्धान्त त्यागेर सत्ताका लागि गठबन्धन गर्नु र जनताका आधारभूत समस्या (जस्तो महँगी र बेरोजगारी) समाधान नहुनुले मतदातामा 'जसलाई जिताए पनि उस्तै हो' भन्ने भावना विकास भएको हुन सक्छ । यसले गर्दा मतदाताले मतदानको दिन मतदानस्थलसम्म जाने रहर गरेनन् । तेस्रो, निर्वाचन आयोगले जसरी नयाँ मतदाताहरूलाई दर्ता गर्न उत्साहित गरायो, त्यसको तुलनामा मृत्यु भएका, थातथलो छोडेर विदेश स्थायी रूपमै बसाइँ सरेर गएका मतदाताको रेकर्ड अद्यावधिक नगर्नुका कारण मतदाताको कुल संख्या हाल जति हो, त्यति होइन भन्ने विषय यकिन गर्न सकिन्छ । कतिपय नामहरू दोहोरो दर्ता भएको आकलन गर्न सकिन्छ । चौथो, भनिन्छ- करिब ४० देखि ५० लाख नेपाली युवाहरू देशबाहिर छन् । उनीहरूका लागि 'प्रोक्सी भोटिङ'

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## युद्ध अन्त्यका लागि इरानका तीन शर्त



**काठमाडौं,२८ फागुन ।**

इरानले अमेरिका र इजरायलसँग जारी युद्ध अन्त्य गर्न तीन प्रमुख शर्त अघि सारेको छ । युद्ध तेह्रौं दिनमा प्रवेश गरिरहँदा तेहरानले आफ्नो अधिकारको मान्यता, क्षतिपूर्ति र भविष्यमा आक्रमण नहुने अन्तर ाष्ट्रिय ग्यारेन्टी नभएसम्म सङ्घर्ष रोक्न नसकिने स्पष्ट पारेको छ ।
इरानी राष्ट्रपति मसुद पेजेस्कियानले सामाजिक सञ्जाल एक्समार्फत रुस र पाकिस्तानका नेतासँग भएको कुराकानीपछि आफ्नो देश शान्तिप्रति प्रतिबद्ध रहेको दोहोर्‍याएका हुन् । उनका अनुसार 'यहुदी शासन र अमेरिकाले भड्काएको' यो युद्ध अन्त्य गर्ने एक मात्र उपाय भनेको इरानका वैध अधिकारलाई अन्तर ाष्ट्रिय रूपमा स्वीकार गर्नु, युद्धबाट भएको क्षतिको क्षतिपूर्ति उपलब्ध गराउनु र भविष्यमा इरानमाथि आक्रमण नहुने कडा अन्तर्राष्ट्रिय ग्यारेन्टी दिनु हो । फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानमाथि संयुक्त आक्रमण गरेपछि युद्ध सुरु भएको थियो । सो आक्रमणमा इरानका सर्वोच्च नेता अयातुल्ला सैयद अली खामेनी, उच्च सैन्य कमान्डरहरू तथा सर्वसाधारणको मृत्यु भएको थियो । त्यसपछि इस्लामिक रिभोलुसनरी गार्ड कोर (आईआरजीसी) ले इजरायलका विभिन्न स्थानलाई लक्षित गर्दै प्रतिआक्रमण सुरु गरेको घोषणा गरेको थियो ।
संयुक्त राष्ट्रसङ्घका लागि इरानका स्थायी प्रतिनिधि अमिर-सइद इरवानीका अनुसार फेब्रुअरी २८ यता अमेरिकी र इजरायली सैन्य कारबाहीका कारण महिला तथा बालबालिकासहित कम्तीमा एक हजार ३४८ सर्वसाधारणको मृत्यु भएको छ भने १७ हजारभन्दा बढी घाइते भएका छन् । यसैबीच संयुक्त राष्ट्र सुरक्षा परिषद्ले खाडी सहयोग परिषद् (जिसिसी) देशहरू र जोर्डनमाथि इरानले गरेको आक्रमणको निन्दा गर्दै प्रस्ताव पारित गरेको छ । १५ सदस्यीय परिषदमा प्रस्तुत उक्त प्रस्ताव १३-० मतले पारित भएको थियो । प्रस्तावलाई बहराइनले नेतृत्व गरेको थियो र १३० भन्दा बढी देशले सह-प्रायोजन गरेका थिए, जसमा भारत पनि समावेश छ । चीन र रुस मतदानमा सहभागी भएनन् । प्रस्तावमा बहराइन, कुवेत, ओमान, कतार, साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स र जोर्डनमाथि इरानले गरेको आक्रमणलाई अन्तर्राष्ट्रिय कानूनको उल्लङ्घन भन्दै कडा शब्दमा निन्दा गरिएको छ । साथै होर्मुज जलडमरूमध्य बन्द गर्ने इरानी चेतावनीप्रति पनि गम्भीर चिन्ता व्यक्त गरिएको छ । यसै क्रममा इराकको सुरक्षा मिडिया सेलका प्रमुख साद मानका अनुसार इराकको तट नजिक दुई तेल ट्याङ्करमा आक्रमण भएको छ । उक्त घटनामा ३८ जना चालक दलका सदस्यलाई उद्धार गरिएको छ भने एक जनाको मृत्यु भएको पुष्टि गरिएको छ । उता इस्लामिक रिभोलुसनरी गाड्र्स कर्प्सले 'अपरेसन ट्रु प्रोमिस-४' को ४०औं चरण सुरु भएको घोषणा गरेको छ । इरानको मेहर समाचार एजेन्सीका अनुसार यसअन्तर्गत अमेरिकी सैन्य आधार, तेल अभिव र हाइफा क्षेत्रमा विभिन्न मिसाइल प्रहार गरिएको छ । 'गदर', 'इमाद', 'खेबर शेकान' र 'फताह' नामका मिसाइलहरू प्रयोग गरिएको दाबी गरिएको छ । इरानले खाडी क्षेत्रका तेल ट्याङ्करहरूमा आक्रमण गरेको तथा होर्मुज जलडमरूमध्य बन्द गरेको घटनाले विश्व ऊर्जा आपूर्तिमा असर परेको छ । यसले अन्तर ाष्ट्रिय बजारमा कच्चा तेलको मूल्य बढाएको छ । राज्य सञ्चारमाध्यम प्रेस टिभीले सार्वजनिक गरेको भिडियोमा पर्सियन खाडी र होर्मुज जलडमरूमध्य क्षेत्रमा जहाजहरूको गतिविधि कडाइका साथ निगरानी भइरहेको देखाइएको छ । उक्त फुटेजमा इरानी सुरक्षा बलका स्पिडबोटहरू सक्रिय रहेको र सानो गतिविधि भए पनि जहाजहरू लक्ष्य बन्न सक्ने चेतावनी दिइएको देखिन्छ । न्युयोर्क टाइम्सका अनुसार इरानको प्रतिआक्रमणले पश्चिम एसियाभर रहेका कम्तीमा १७ अमेरिकी सैन्य आधार तथा अन्य संरचनामा क्षति पुर्‍याएको छ । यो निष्कर्ष स्याटेलाइट तस्बिर, सामाजिक सञ्जाल भिडियो, अमेरिकी अधिकारीहरूको भनाइ र इरानी राज्य सञ्चारमाध्यमका रिपोर्टहरूको विश्लेषणपछि निकालिएको हो । बहराइन, जोर्डन, कतार, कुवेत, संयुक्त अरब इमिरेट्स र साउदी अरेबियामा रहेका अमेरिकी आधारहरू पनि आक्रमणको निशानामा परेको बताइएको छ । तीमध्ये अमेरिकी थाड मिसाइल रक्षा प्रणालीका रडारहरू सबैभन्दा महँगो क्षति भएको उल्लेख गरिएको छ । यसका साथै इराक, कुवेत, संयुक्त अरब इमिरेट्स र साउदी अरेबियामा रहेका अमेरिकी कूटनीतिक नियोगहरूमा पनि आक्रमण भएको जनाइएको छ । यसबीच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिका युद्ध जितेको दाबी गरेका छन् । तर मिशन पूर्ण रूपमा सम्पन्न नभएसम्म अमेरिकी सेना क्षेत्रमै तैनाथ रहने उनले बताएका छन् ।

## इरानको दाबी- इजरायली गोप्य एजेन्सीको कार्यालय र दुईवटा एयरबेसमा हमला

**काठमाडौं,२८ फागुन ।**

इरानले ड्रोनमार्फत इजरायलका दुईवटा एयरबेस र गोप्य एजेन्सीको मुख्यालयमा हमला गरेको दाबी गरेको छ ।

इरानको सरकारी सञ्चारमाध्यमका अनुसार हमला पाल्माछिम एयरबेस र ओभ्डा एयरबेसमा हमला गरिएको हो । यीमध्ये एउटा एयरबेस भूमध्यसागर किनारमा रहेको याभेन सहरनजिक अवस्थित छ । रिपोर्टका अनुसार शिन बेट (इजरायलको आन्तरिक गुप्तचर एजेन्सी) को मुख्यालयलाई पनि ड्रोन हमलामा निशाना बनाइएको छ ।

यद्यपि, यस हमलाबाट कति क्षति भयो भन्ने विषयमा हालसम्म स्पष्ट जानकारी सार्वजनिक भएको छैन । **पछिल्लो २४ घण्टामा १७९ जना घाइते** इजरायलको स्वास्थ्य मन्त्रालयका अनुसार इरानी हमलका क्रममा पछिल्लो २४ घण्टामा १७९ जना घाइते भएका छन् । मन्त्रालयका अनुसार युद्ध सुरु भएयता हालसम्म कुल २ हजार ७४५ जना घाइते भइसकेका छन् ।

## इराकी कुर्दिस्तानस्थित इटालियन सैन्य आधारमा हमला

**काठमाडौं,२८ फागुन ।**

इराकको स्वशासित क्षेत्र इराकी कुर्दिस्तानमा रहेको एउटा इटालियन सैन्य आधार शिविरमा आक्रमण भएको छ । गएराति इराकी कुर्दिस्तानस्थित इटालियन सैन्य आधार शिविरमा हवाई आक्रमण भएको इटालीका रक्षा अधिकारीहरूले बताएका छन् ।
रोयटर्सका अनुसार उक्त आक्रमणमा कुनै मानवीय क्षति भने भएको छैन । मन्त्रालयका स्रोतहरूले जानकारी दिए अनुसार इराकी कुर्दिस्तानको राजधानी एर्बिलस्थित उक्त सैन्य शिविरमा एउटा ड्रोन खस्दा सैन्य सवारी साधन पूर्ण रूपमा ध्वस्त भएको छ । इटालीले सोही स्थानमा रहेर कुर्दिश सुरक्षा बलहरूलाई तालिम दिँदै आएको छ । अधिकारीहरूका अनुसार उक्त ड्रोनले आधार शिविरलाई नै लक्षित गरेको नभई उचाइ गुमाएपछि दुर्घटनावश त्यहाँ खसेको हुनसक्ने अनुमान गरिएको छ ।




## भूगोलपिच्छे फरक...........

पूर्वाधारसँगै सामाजिक र डिजिटल संसारका चुनौतीहरू पनि सम्बोधन गर्नुपर्नेछ । इन्टरनेट र प्रविधिको विस्तारसँगै साइबर सुरक्षा, अनलाइन ठगी, फिसिङ र डिजिटल गोपनीयताजस्ता नयाँ प्रकृतिका अपराधहरू बढिरहेका छन् । यी समस्यालाई नियन्त्रण गर्न प्रभावकारी कानुन र संस्थागत व्यवस्था आवश्यक छ ।

त्यस्तै, लाखौं नेपाली युवाहरू वैदेशिक रोजगारीमा छन् । उनीहरूले पठाउने रेमिट्यान्सले देशको अर्थतन्त्र धानेको छ । तर त्यो रकम उत्पादनशील क्षेत्रमा लगानी हुने वातावरण निर्माण गर्न सकिएको छैन । आगामी नेतृत्वले रेमिट्यान्सलाई उद्यमशीलता र उत्पादनसँग जोड्ने दीर्घकालीन योजना बनाउनुपर्नेछ । देशमै बसेर केही गर्न चाहने युवाहरूका लागि पनि अनुकूल वातावरण तयार पार्न आवश्यक छ । रोजगारी सिर्जना, उद्यमशीलता प्रवर्द्धन र श्रमको उचित मूल्य सुनिश्चित गर्नु आजको नेतृत्वका प्रमुख चुनौती हुन् । साथै, सामाजिक सुरक्षा भत्ता, स्वास्थ्य सेवा र सरकारी सुविधाहरू दुर्गम क्षेत्रका घरघरमा पुर्‍याउने व्यवस्था मिलाउनु पनि कम कठिन काम होइन । संघीय संरचनाले स्थानीय तहलाई अधिकार दिएको भए पनि कार्यान्वयनमा अझै धेरै कमजोरी देखिन्छन् । जबसम्म सेवा वितरण प्रभावकारी हुँदैन, तबसम्म विकासको अनुभूति नागरिकसम्म पुग्न सक्दैन ।

वास्तवमा, यदि कुनै जनप्रतिनिधिले इमानदारीपूर्वक आफ्नो क्षेत्रका नागरिकको प्रतिनिधित्व गर्न खोज्छ भने पाँच वर्षको कार्यकाल उसलाई निकै छोटो लाग्न सक्छ । फरक-फरक भूगोल, फरक जातजाति र फरक आर्थिक अवस्थाका नागरिकका अपेक्षा पूरा गर्नु सजिलो काम होइन । साभार ईकान्तिपुर ।

## के हाम्रो लोकतन्त्र ........

वा 'अनलाइन भोटिङ' को व्यवस्था नहुनुले ठूलो संख्याको मतदान नहुनु सामान्य कुरा हो । यो संख्या जति-जति युवा विदेश जाने क्रम बढ्छ, त्यति-त्यति बढ्दै जानु स्वाभाविकै हो । पाँचौं, निर्वाचन आयोगले यस पटक मतदाता शिक्षामा पर्याप्त लगानी र प्रयास नगरेकै हो । र, यस अगाडिको निर्वाचनमा मतदाता शिक्षामा विकास साझेदारहरूले जति सहयोग गरे, त्यसको तुलनामा यस पटक न्यून सहयोग हुनुको कारण मतदान केन्द्रमा मतदाताहरूलाई ल्याउन नसकेको देखिन्छ । छैटौं, काठमाडौं, पोखरा तथा विराटनगर जस्ता ठूला सहरहरू वा यस्तै सहरहरूमा बस्ने तर गाउँमा मतदाता नामावली भएकाहरूका लागि यो अनपेक्षित निर्वाचन भएको हुँदा भोट हाल्न जान खर्चिलो भयो । वा, ती जान अनिच्छुक देखिएको पनि हुन सक्छ । र, सरकारले आफ्ना कर्मचारीहरूलाई थप बिदा दिएर सहज बनाए पनि निजी क्षेत्रमा काम गर्ने मान्छेले त्यो सुविधा पाएनन् । त्यसैले ती पनि मतदानका लागि गाउँ फर्किन पाएनन् र थोरै मत खसेको हो ।
सातौं, सबै नेपाली नागरिकलाई मतदानको अधिकार सुनिश्चित गर्ने व्यवस्था नेपालको संविधान, २०७२ मा उल्लेख छ । सर्वोच्च अदालतले ७ चैत २०७४ मा आवश्यक कानुनी र प्रक्रियागत व्यवस्था गरी विदेशमा बस्ने नागरिकलाई मतदानको अधिकार दिन सरकारका नाममा आदेश पनि दिएको थियो । सरकारले विदेशमा रहेका नागरिकलाई मतदानको अधिकार दिने विषयमा शृंखलाबद्ध रूपमा बहस चलाए पनि आवश्यक कानुनी र व्यवस्थाकीय तयारी नहुँदा घोषणा भएको २१ फागुनको चुनावमै पनि यो निर्णय कार्यान्वयन भएन । र, यो व्यवस्था नहुँदासम्म आगामी दिनमा पनि मतदान प्रतिशत घट्दै जाने निश्चित छ । आठौं, फागुनको उँका कारण हिमाली जिल्लाका उत्तरी भागमा बसेका मान्छेहरू आफ्नो गाउँमा फर्केर मतदान गर्न नपाउनुले पनि केही हदसम्म मतदान घटाएको बुझ्न सकिन्छ । वैधताको प्रश्न : सैद्धान्तिक र कानुनी पक्ष कति प्रतिशत मत झर्‍यो भने निर्वाचन वैध मानिन्छ भन्ने कुरा प्रायशः सोधिरहने प्रश्न हो । साभार ईकान्तिपुर ।

# स्वास्थ्य

## चामल वा रोटी, रातिको खानामा के खाने ?



धेरै पटक मानिसहरूबीच चामल खानु स्वास्थ्यका लागि राम्रो हो कि रोटी भन्ने विषयमा बहस हुन्छ । रातको थालीमा रोटी हुनुपर्छ कि चामल, यो धेरै कुरामा निर्भर हुन्छ । यो कस्तो प्रकारको चामल वा रोटी खाइरहेको छ भन्नेमा पनि निर्भर गर्छ । कसरी खाइरहनुभएको छ, यो धेरै महत्त्वपूर्ण छ । हाम्रो थालीमा चामल होस् वा रोटी, दुवैमा कार्बोहाइड्रेट पाइन्छ । सामान्यतया रोटीमा चामलको तुलनामा कम कार्बोहाइड्रेट हुन्छ भन्ने मानिन्छ, त्यसैले स्वास्थ्यको दृष्टिकोणले यो धेरै राम्रो हो भनेर खाइन्छ । डाइटिक्स फर न्यूट्रिफाई टुडे' की प्रमुख तथा डाइटिशियन नाजनीन हुसेन भन्छिन्, 'यदि खस्रो पिठो वा धेरै फाइबर भएको रोटी खाइन्छ भने ठिक छ, तर यदि पूर्णरूपमा प्रशोधित पिठोको रोटी खाइन्छ भने, यो चामलजस्तै हुन्छ र यो खाँदा चिनीको स्तर तीव्र रूपमा बढ्छ ।' उनको भनाइ छ लामो समयसम्म पोलिस गरिएको चामल खानु स्वास्थ्यका लागि राम्रो होइन, तर पोलिस नगरिएको चामल राम्रो हुन्छ । फाइबरलाई ध्यानमा राखेर डाक्टर वा डाइटिशियनले धेरै पटक मानिसहरूलाई ब्राउन राइस वा बिना पोलिसको चामल खाने सल्लाह दिन्छन् । चामललाई दाल, दही वा तरकारीसँग खानुपर्छ भन्ने सल्लाह पनि दिइन्छ । चामलको खिचडी वा पुलाउ बनाएर खाँदा पनि यो शरीरका लागि राम्रो हुन्छ । हामीले खाइरहेको चिल्लो पिठो चिनी, मैदा र नुनजस्तै सेतो विष बन्दै गइरहेको प्रमुख कन्सल्टेन्ट डाक्टर एम वली भन्छन् । 'हाम्रो खाने तरिका पनि गलत छ हामी रोटी धेरै र तरकारी कम खान्छौं' उनी भन्छन्, 'यदि चामलसँग धेरै तरकारी खाइन्छ भने, यसको ग्लाइसेमिक इन्डेक्स राम्रो हुन्छ, अर्थात् यसबाट बनेको चिनी शरीरमा बिस्तारै घुल्छ । यसरी यो रोटीभन्दा राम्रो हुन्छ ।' डा. वलीको भनाइ अनुसाररोटीको पिठोमा हरियो सागपात वा लौका जस्ता तरकारी मिसाएर बनाउनुपर्छ, यसो हुँदा यो सन्तुलित हुन्छ । **चामल वा रोटी, कुन राम्रो ?** चामल र रोटीमा आधारभूत फरकमा जसलाई धेरै ऊर्जाको आवश्यकता छ, उसका लागि चामल राम्रो हुन्छ । उदाहरणका लागि, धेरै शारीरिक परिश्रम गर्नेहरूका लागि चामल राम्रो हुन्छ । तर यदि धेरै खाना खानबाट जोगिन चाहने हो वा बारम्बार खाना खान चाहने हो भने रोटी राम्रो विकल्प हो, किनभने यसमा धेरै फाइबर हुन्छ । यसले पेट लामो समयसम्म भरिएको महसुस गराउँछ । रोटीलाई पनि राम्रो प्रोटिनसँग खानु राम्रो हुने डाइटिशियन माला मनराल बताउँछिन् । 'मासु खानेहरूका लागि धेरै विकल्पहरू छन् र शाकाहारीहरूले रोटीसँग तरकारी वा दाल आदि लिन सक्छन्' माला भन्छिन् । मालाका अनुसार के खाने भन्ने कुरा व्यक्तिको काम र जीवनशैलीमा निर्भर गर्छ । यदि बसेर गर्ने खालको काम छ भने कम क्यालोरी कम भए पनि पुग्छ । यस्ता व्यक्तिलाई रोटी खाने सल्लाह दिइन्छ किनभने यस्ता व्यक्तिहरूले धेरै चामल खाएमा मोटोपनको खतरा हुन्छ । उनी भन्छिन् , ' प्रत्येक व्यक्तिको शारीरिक गतिविधि र उमेरको हिसाबले निश्चित मात्रामा क्यालोरीको आवश्यकता हुन्छ । क्यालोरीको ५० प्रतिशत कार्बोहाइड्रेटबाट, ३० प्रतिशत प्रोटिनबाट र करिब २० प्रतिशत चिल्लोबाट प्राप्त गर्नु राम्रो मानिन्छ ।'

निर्धारित मापदण्डको पाल्ना गरौं, नक्सा पास गरी निमार्ण कार्य गरौं ।

परवानीपुर गाँउपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौं,नाद,खुटा आदी नराखौं ।

करैयामाई गाउँपालिकाकोकार्यालय करैया, बारा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।

कालिकामाई गाँउपालिकाको कार्यालय, कालिकामाई, पर्सा

# एमाले केन्द्रीय सदस्य कृष्ण थापाको बैठकमा बोल्दाबोल्दै गयो ज्यान, हृदयघातबाट निधन



**काठमाडौं,२८ फागुन ।**

नेकपा एमालेका केन्द्रीय सदस्य तथा कास्की इन्चार्ज कृष्ण थापाको बिहीबार असामयिक निधन भएको छ । पोखरामा आयोजित जिल्ला कमिटीको बैठकमा आफ्नो धारणा राख्ने क्रममा उनी अचानक बेहोस भई ढलेका थिए । बैठकस्थलमै हृदयघात भएपछि उनलाई तत्काल उपचारका लागि मणिपाल शिक्षण अस्पताल पुऱ्याइएको भए पनि चिकित्सकहरूले उनलाई बचाउन सकेनन् । राजनीतिक जीवनको उत्तरार्धमा सक्रिय रहेकै अवस्थामा भएको यो दु:खद घटनाले एमाले वृत्त र कास्कीको राजनीतिमा ठूलो शोक छाएको छ । थापाको पार्थिव शरीर अहिले मणिपाल अस्पतालमै राखिएको छ । स्वर्गीय थापा पछिल्लो समय पार्टीभित्रको आन्तरिक राजनीतिक खिचातानीका कारण निकै चर्चा र दबाबमा थिए । हालै सम्पन्न निर्वाचनमा उनलाई कास्की क्षेत्र नम्बर २ बाट उम्मेदवार बनाउने प्रारम्भिक निर्णय भएको थियो । तर, पार्टीभित्र तीव्र विरोध भएपछि अन्तिम समयमा उनको टिकट खोसेर रश्मि आचार्यलाई उम्मेदवार बनाइएको थियो । टिकट खोसिएको विषयले उनी मानसिक रूपमा केही तिक्तता र दबाबमा रहेको चर्चा चलिरहेकै बेला जिल्लाको समीक्षा बैठकमा बोल्दाबोल्दै उनको मृत्यु हुनुलाई धेरैले निकै मर्मस्पर्शी रूपमा लिएका छन् । पार्टीका इमानदार र निष्ठावान् नेताका रूपमा चिनिने थापाको निधनले एमालेले एक अनुभवी अभिभावक गुमाएको छ । चुनावी नतिजाको समीक्षा र आगामी कार्यदिशाबारे छलफल भइरहेको बैठकमा सक्रियतापूर्वक सहभागी भइरहेका थापाको यसरी आकस्मिक बिदाइ होला भनेर कसैले कल्पना गरेका थिएनन् । उनको निधनको खबरसँगै एमालेका शीर्ष नेताहरू र शुभचिन्तकहरूले शोक व्यक्त गरेका छन् भने कास्की एमालेमा सन्नाटा छाएको छ ।

# इनिसा विक हत्या प्रकरण : माइतीघरमा न्यायको माग गर्दै प्रदर्शन




**काठमाडौं,२८ फागुन ।**

१६ वर्षीया इनिसा विकको बलात्कारपछि हत्या भएको घटनामा न्यायको माग गर्दै बिहीबार पनि विरोध प्रदर्शन गरिएको छ । राजधानीको माइतीघर मण्डलामा नागरिक तथा अधिकारकर्मीहरू भेला भई पीडितलाई न्याय र दोषीलाई कडा कारबाहीको माग गरेका हुन् । प्रदर्शनकारीहरूले 'इनिसा विकलाई न्याय दे', 'बलात्कारीलाई कडा कारबाही गर', 'जात व्यवस्था मुर्दावाद' र 'पितृसत्ता मुर्दावाद' जस्ता नारा लेखिएका प्लेकार्ड बोकेका थिए ।


घटनाको थप अनुसन्धानका लागि केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) को टोली वीरेन्द्रनगर पुगेको छ । जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रवक्ता मोनजंग बुढथापाका अनुसार प्रहरी निरीक्षकको कमान्डमा रहेको सीआईबीको विज्ञ टोली शुक्रबारसम्म सुर्खेत पुगेको हो ।

प्रहरीका अनुसार हालसम्म मृतकका परिवारजनले शव बुझेका छैनन् । गुर्भाकोट नगरपालिका-६ बडाखोली स्थायी घर भएकी इनिसाको फागुन २३ गते बिहान शहीद पार्क नजिकको जनजागरण सामुदायिक वन क्षेत्रमा हत्या भएको थियो । मृतकका आफन्तले सामूहिक बलात्कारपछि हत्या भएको आरोप लगाउँदै फागुन २५ गते प्रहरीमा उजुरी दिएका थिए ।उक्त घटनामा संलग्न रहेको आरोपमा प्रहरीले चार जनालाई पक्राउ गरेको छ । पक्राउ परेकाहरू सबै १८ वर्षमुनिका रहेको प्रहरीले जनाएको छ । घटनाको दिन नै एक १६ वर्षीय किशोरलाई नियन्त्रणमा लिइएको थियो भने थप तीन जनालाई फागुन २४ गते पक्राउ गरी अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ ।

# चितवन कारागारबाट फरार करिब १०० कैदीबन्दी अझै सम्पर्कबाहिर

**काठमाडौं,२८ फागुन ।**

चितवनको भरतपुरस्थित जिल्ला कारागारबाट फरार भएका कैदीबन्दीमध्ये अझै करिब १०० जना सम्पर्कमा नआएको कारागार प्रशासनले जनाएको छ । फरारमध्ये ११ जना भारतीय नागरिक रहेको जानकारी पनि सार्वजनिक गरिएको छ । गत भदौ २४ गते 'जेनजी आन्दोलन'का क्रममा कारागारबाट ४ जना नाबालकसहित कुल ७४३ जना कैदीबन्दी फरार भएका थिए । कारागार कार्यालयका अनुसार हालसम्म ६४३ जना कैदीबन्दी




फर्किसकेका छन् । तीमध्ये केही स्वेच्छाले कारागार फर्किएका छन् भने केहीलाई प्रहरीले पक्राउ गरी ल्याएको हो । कारागार कार्यालयका प्रमुख रवीन्द्रप्रसाद ढुङ्गानाले गम्भीर प्रकृतिका अपराधमा संलग्न कैदीबन्दी फरार रहँदा समुदायमा आपराधिक गतिविधि बढ्ने जोखिम रहने बताएका छन् । कारागार प्रशासनले गत असोज २० गतेसम्म सम्पर्कमा आउन फरार कैदीबन्दीलाई आग्रह गरेको थियो । तोकिएको समयभित्र सम्पर्कमा नआए कारागार ऐन २०७९ र प्रचलित कानुनअनुसार कारबाही गरिने चेतावनी दिइएको छ । साथै, फरार कैदीबन्दीलाई लुकाउने वा आश्रय दिने व्यक्तिलाई पनि कानुनअनुसार कारबाही गरिने जनाइएको छ ।

## ठोरीमा हात्ती र बाघको...

हात्ती मात्र होइन, चित्तल, बँदेल र नीलगाईजस्ता वन्यजन्तुले पनि बर्सेनि स्थानीय किसानको बालीनालीमा क्षति पुऱ्याउने गरेका छन् । किसानहरूका अनुसार धान, मकैलगायतका बाली पूर्ण रूपमा भित्र्याउन पाउने अवस्था कमै हुने गरेको छ । वन्यजन्तुले खेतबारीमा पस्दा किसानले गरेको लगानीअनुसार प्रतिफल पाउन कठिन हुने अवस्था दोहोरिँदै आएको छ । यसैबीच ठोरी-१ गौतमनगरस्थित पूर्व हुलाकी सडक आसपास पछिल्लो करिब एक महिनादेखि बाघको गतिविधि पनि देखिन थालेको छ । स्थानीयले जडान गरेको सीसीटीभी क्यामेरामा बाघ सडक आसपास आवतजावत गरिरहेको दृश्य समेत कैद भएको बताइएको छ । बाघ देखिएपछि साँझपख घरबाहिर निस्कन स्थानीय डराउन थालेका छन् । विशेषगरी बालबालिका तथा पशुचौपायाको सुरक्षालाई लिएर स्थानीय थप चिन्तित बनेका छन् । समयमै वन्यजन्तु व्यवस्थापनका प्रभावकारी उपाय नअपनाइए मानव-वन्यजन्तु द्वन्द्व अझ बढ्ने स्थानीयको चिन्ता छ । अहिले हात्ती र बाघको गतिविधि बढेपछि ठोरी क्षेत्रका बासिन्दा निरन्तर त्रासको वातावरणमा बस्न बाध्य भएका छन् ।

**नेपाल पोष्ट डेली**
**ई -पेपरका**
**लागि स्क्यान गर्नुहोस्**

# मधेसमा आँप उत्पादन बढ्ने संकेत, बोटबोटै ढकमक्क फूल



**जनकपुर,२८ फागुन ।**

मधेस प्रदेशमा यस वर्ष आँप उत्पादन उल्लेख्य रूपमा बढ्ने संकेत देखिएको छ । फागुन सुरु भएसँगै प्रदेशका विभिन्न जिल्लामा आँपका रूखहरूमा ढकमक्क फूल लागेका कारण उत्पादन बढ्ने अनुमान गरिएको कृषि विज्ञहरूले बताएका छन् । जनकपुरधामस्थित कृषि ज्ञान केन्द्र धनुषाका प्रमुख रामचन्द्र यादवका अनुसार यस वर्ष धान उत्पादन केही घटे पनि आँप खेतीले किसानलाई राम्रो आम्दानी दिलाउने सम्भावना छ । मधेसका धनुषा, सिराहा र सप्तरी जिल्ला आँप उत्पादनका लागि प्रसिद्ध मानिन्छन् । पूर्व-पश्चिम राजमार्ग आसपासका उत्तरी क्षेत्रमा हजारौँ किसानले व्यावसायिक रूपमा आँप खेती गर्दै आएका छन् भने दक्षिणी भेगमा अझै पनि परम्परागत तरिकाले उत्पादन हुँदै आएको छ । मधेस प्रदेशमा उत्पादन हुने आँपको माग काठमाडौं र पोखरालगायत प्रमुख सहरमा अत्यधिक रहेको किसानहरू बताउँछन् । यही कारणले फूल लाग्नेबित्तिकै व्यापारीहरूले बगैंचा नै ठेक्कामा लिने गरेका छन् । तथ्याङ्कअनुसार देशभर करिब ४२ हजार ७७३ हेक्टर क्षेत्रफलमा आँप खेती हुने गरेको छ । त्यसमध्ये मधेस प्रदेशमा मात्रै करिब २९ हजार ९९ हेक्टर क्षेत्रफलमा आँप उत्पादन हुने गरेको छ । कुल उत्पादनको करिब ७७.१ प्रतिशत आँप मधेस प्रदेशमै फल्ने तथ्याङ्कले देखाउँछ । जिल्लागत रूपमा सबैभन्दा धेरै उत्पादन सिराहामा करिब १ लाख ४ हजार ६७६ मेट्रिक टन हुने गरेको छ भने सबैभन्दा कम उत्पादन पर्सामा करिब ४ हजार ७३१ मेट्रिक टन रहेको छ । यद्यपि आँपमा लाग्ने रोग तथा किराको जोखिम भने कायमै छ । कृषि ज्ञान केन्द्रका अनुसार मधुवा लगायतका किराका कारण फूल झर्ने समस्या देखिने भएकाले फूल लाग्नुअघि र साना दाना देखिन थालेपछि उचित समयमा औषधि प्रयोग गर्न किसानलाई सुझाव दिइएको छ । धनुषाका धनुषा नगरपालिका, मिथिला नगरपालिका, क्षिरेश्वरनाथ नगरपालिका र चारनाथ नगरपालिका क्षेत्रलाई आँप उत्पादनको 'पकेट एरिया' मानिन्छ । बटेश्वर क्षेत्रमा त हरेक वर्ष आँप मेला समेत आयोजना हुने गरेको छ । नारायण नगरपालिका-५ का किसान ज्योति झाले यस वर्ष आँपको फूल निकै राम्रो लागेको बताए । उनका अनुसार मौसम अनुकूल रहे विगतभन्दा बढी उत्पादन हुने अपेक्षा गरिएको छ । त्यस्तै मटिहानी नगरपालिका-३ का किसान रहमान कवारीले पनि यस वर्ष आँपको फूल राम्रो लागेको बताए । तर उत्पादन भएको आँपको उचित बजार पहुँच नहुँदा किसानहरूले सस्तोमा बेच्नुपरेको गुनासो गर्दै उनले बजार व्यवस्थापनमा राज्यबाट सहयोगको अपेक्षा गरे । कृषि विज्ञहरूका अनुसार समयमै रोग नियन्त्रण, उचित स्याहार तथा अनुकूल मौसम कायम रहे यस वर्ष मधेस प्रदेशमा आँप उत्पादन उल्लेख्य रूपमा बढ्ने अपेक्षा गरिएको छ ।

# देशका अधिकांश सहरमा तापक्रम बढ्दै

**काठमाडौं,२८ फागुन ।**

देशका विभिन्न सहरमा फागुन २६ देखि २८ गतेसम्म अधिकतम तापक्रम क्रमशः बढ्दै गएको छ । जल तथा मौसम विज्ञान विभागको तथ्याङ्क अनुसार, अधिकांश स्थानमा सामान्य उतार-चढाव मात्र देखिएको छ । विभागका अनुसार तराई तथा मधेसका सहरमा तापक्रम क्रमशः बढेको छ ।

राजधानीमा फागुन २६ गते अधिकतम तापक्रम २०-२२ डिग्री सेल्सियस रहेकोमा शनिबार बढेर २४ डिग्री पुगेको थियो । आज मध्यान्हसम्म तापक्रम २५.४ डिग्री सेल्सियस पुगेको छ । रातिको न्यूनतम तापक्रम १५-१७ डिग्री सेल्सियसको हाराहारीमा रहने अनुमान छ । मध्यान्हसम्म सिराहा र बाँकेको अधिकतम तापक्रम ३१.१ डिग्री सेल्सियस पुगेको छ । त्यस्तै, हिमाली क्षेत्रको मनाङ हुम्दे विमानस्थलमा अधिकतम तापक्रम ३.२ डिग्री सेल्सियस रहेको छ । विराटनगरमा आज तापक्रम ३१-३३ डिग्री सेल्सियस पुग्ने अनुमान गरिएको छ भने नेपालगञ्जमा ३०-३२ डिग्री सेल्सियस रहने देखिएको छ ।

गण्डकी प्रदेशको पोखरामा आज २६-२८ डिग्री सेल्सियस, हिमाली क्षेत्रको जुम्लामा २३-२५ डिग्री सेल्सियस, र जोमसोममा १७-१९ डिग्री सेल्सियससम्म पुग्ने अनुमान छ । विभागका मौसमविद् सञ्जीव अधिकारीले बताए अनुसार, "हावाको आद्रता बढेसँगै तापक्रममा वृद्धि भएको छ ।

सुत्केरीको स्वास्थ्यमा ध्यान दिऔं।

❖गर्भावस्थामा कम्तिमा ८ पटक स्वास्थ्य जाँच गराऔं।
❖स्वास्थ्य संस्थाबाट प्रसुति सेवा लिऔं।
❖गर्भवति महिलालाई नियमित पोषिलो खानेकुरा खुवाऔं।
❖बच्चा जन्मनेवित्तिकै विगौति दुध खुवाऔं।
❖छ महिनासम्म आमाको दुध मात्र खुवाऔं।
❖बच्चा जन्मेपछि स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराऔं।
❖राष्ट्रिय खोप तालिकाअनुसार बालबालिकालाई सबै खोप लागाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
पकहामैनपुर गाँउपालिकाको कार्यालय, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जगरनाथपुर गाँउपालिकाको कार्यालय,पर्सा